**नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका**

# स्थानीय राजपत्र

**खण्ड ९, संख्याः २१, माघ २५ गते, २०८२ साल**

व्यास नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको संशोधित कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

## व्यास नगरपालिका स्लेट ढुङ्गा उत्खनन् तथा कटिङ्ग उद्योग सञ्चालन कार्यविधि (पाँचौं संशोधन), २०८२

कार्यपालिकाबाट स्वीकृत मिति : २०८२।१०।२३

व्यास नगरपालिका स्लेट ढुङ्गा उत्खनन् तथा कटिङ्ग उद्योग सञ्चालन कार्यविधि, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ बमोजिम व्यास नगरपालिका नगर कार्यपालिकाबाट स्वीकृत भई व्यास नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुने गरी तपसिल बमोजिम संशोधन गरेको छ :

| सि.नं. | साविकमा भएको | संशोधन गर्नुपर्ने (थप/घट) |
|---|---|---|
| १. | कार्यविधिको दफा १२ पछि १२ (क) र १२ (ख) थप | **१२ (क) अनुमतिपत्र नामसारी सम्बन्धमा :** स्लेट ढुङ्गा उत्खनन् उद्योग तथा कटिङ्ग उद्योग सञ्चालकले बिक्री गरी अन्य व्यक्तिको नाममा नामसारी गर्न चाहेमा दिने र लिने दुवै जनाको संयुक्त मञ्जुरी सहितको निवेदन, सम्बन्धित वडाको सिफारिस, दर्ता तथा नवीकरण प्रमाणपत्र, कर तिरेको रसिद सहित पेश हुन आएमा आर्थिक ऐनमा उल्लेखित दस्तुर लिई स्लेट ढुङ्गा अनुगमन तथा मूल्याङ्कन समितिको निर्णय बमोजिम नामसारी गर्न सकिनेछ । |
| | | **१२ (ख) अनुमतिपत्र ठाउँसारी सम्बन्धमा :** स्लेट ढुङ्गा कटिङ उद्योग सञ्चाकले व्यास नगरपालिका क्षेत्रभित्र कुनै एक स्थानबाट अन्य स्थानमा उद्योग ठाउँसारी गर्न चाहेमा कार्यविधिको नियम (६) बमोजिमको योग्यता पुरा गरी निवेदन पेश हुन आएमा स्लेट ढुङ्गा सम्बन्धी अनुगमन तथा मूल्याङ्कन समितिको निर्णय बमोजिम ठाउँसारी गर्न सकिनेछ । |

**आज्ञाले**
**(सुकदेव लम्साल)**
**प्रमुख प्रशासकीय अधिकृत**